त्रिभुवन विश्वविद्यालय
# कृषि र पशु विज्ञान अध्ययन संस्थान
## डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

प.सं./च.नं.

## स्नातक (B.Sc.Ag./Hort. एंव B.V.Sc.&A.H.) तहमा विद्यार्थी भर्नासम्बन्धी सूचना ।

**प्रकाशित मितिः २०८२/०६/३० गते**

शैक्षिक वर्ष २०८२/०८३ को लागि यस अध्ययन संस्थानअन्तर्गत सञ्चालित आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पस/कलेज/संस्थानमा सञ्चालन हुने कृषि/वागवानी (B.Sc.Ag./Hort.) र पशु चिकित्सा (B.V.Sc.&A.H.) विषयको स्नातक तहको भर्नाका लागि प्रवेश परीक्षा उर्त्तिण गरी योग्यता सूचीमा भएका विद्यार्थीहरुको भर्ना प्रक्रिया तपसिल बमोजिम हुने वेहोरा जानकारी गराइन्छ ।

१. **भर्ना कोटा** : मेरिट क्रमाङ्कमा रहेका विद्यार्थीहरुलाई तालिका नं. १ र २ अनुसार कोटाहरुमा भर्ना गरिनेछ ।

**तालिका १: कृषि/वागवानी स्नातक तहमा भर्नाको कोटासम्बन्धी विवरण**

| कोटा विवरण | वि.एस्सी.कृषि/वागवानी | | | | | |
|---|---|---|---|---|---|---|
| | लमजुङ | पक्लिहवा | रामपुर * | गौरादह | नेपाली सेना | जम्मा |
| मेरिट कोटा | २७ | २७ | २६ | २६ | १३ | ११९ |
| **छात्रा** | | | | | | |
| खुला | १ | १ | २ | २ | १ | ७ |
| दलीत | | | | | १ | १ |
| मुस्लीम | १ | - | - | - | - | १ |
| **आदिवासी-जनजाती** | १ | २ | २ | १ | १ | ७ |
| **मधेसी** | | | | | | |
| खुला | १ | १ | १ | १ | १ | ५ |
| दलित | - | - | - | १ | - | १ |
| **दलित** | १ | १ | १ | १ | - | ४ |
| **अपाङ्ग** | १ | १ | १ | १ | - | ४ |
| **मुश्लिम** | १ | १ | - | १ | - | ३ |
| **थारु** | १ | १ | १ | १ | १ | ५ |
| **दुर्गम जिल्ला** | १ | १ | १ | - | - | ३ |
| **अन्य** | १ | १ | १ | १ | - | ४ |
| अध्ययन संस्थान विकास शुल्क | १३ | १३ | १४ | १४ | ६ | ६० |
| **एनेक्स कोटा** | **५०** | **५०** | - | - | ** | १०० |
| स्थानिय कोटा | ३ | ३ | ३ | ३ | - | १२ |
| जम्मा | १०० | १०० | ५० | ५० | २४ | ३२४ |

**स्टाफ कोटा**

| शुल्क प्रकार | त्रि.वि.मा कार्यरत शिक्षक तथा कर्मचारीहरुको लागि | IAAS मा कार्यरत शिक्षक तथा कर्मचारीहरुको लागि | जम्मा |
|---|---|---|---|
| सहुलियत शुल्क | १ | २ | ३ |
| पूर्ण शुल्क | १ | २ | ३ |
| जम्मा स्टाफ कोटा | २ | ४ | ६ |

** यस वर्षको भर्ना कार्यक्रम स्थगीत गरिएको ।*

*** उल्लेखित कोटा नेपाली सेना कृषि विज्ञान संस्थानको संचालन नियमावली अनुसार हुनेछ । स्टाफ र स्थानिय कोटा नियमित कोटाभित्र समावेश छैन ।*

पो.अ.ब. ९८४; फोनः ९७७-१-४३३०५००/४३३०६००; इमेलः info@iaas.tu.edu.np; Website : www.iaas.tu.edu.np

प.सं./च.नं.

**तालिका २. पशु चिकित्सा स्नातक तहमा भर्नाको कोटासम्बन्धी विवरण**

| कोटा वितरण | वि.भि.एस्सी.एण्ड ए.एच. |
|---|---|
| क) मेरिट | १७ |
| ख) आरक्षण | |
| छात्राः खुला | २ |
| आदिवासी/जनजाती | १ |
| मधेसीः खुला | १ |
| थारु | १ |
| दलित | १ |
| अपाङ्ग | १ |
| अन्य | १ |
| ग) अध्ययन संस्थान विकास शुल्क | १५ |
| **डीनको कार्यलयवाट भर्ना हुने जम्मा** | **४० जना** |
| घ) एनेक्स कार्यक्रम अन्तर्गत (क्याम्पसबाट भर्ना हुने) | **१० जना**** |
| एनेक्स कार्यक्रम खुला | ७ |
| स्टाफ कोटा | १ * |
| स्थानिय कोटा | १ * |
| MOU भएका नेपाल सरकारका निकायका मनोनयी | १ * |
| **जम्मा संख्या** | **५० जना** |

**एनेक्स कार्यक्रम अन्तर्गत यस अध्ययन संस्थानसँग MoU भएका नेपाल सरकारको निकायका मनोनयी, स्थानिय कोटा र स्टाफ कोटा खाली भएमा एनेक्स खुल्ला कोटामा समावेश गरिनेछ।*

*** मेरिट, आरक्षण र अध्ययन संस्थान विकास शुल्कको भर्ना प्रकृया सकिएपछि मात्र एनेक्स कोटा अन्तर्गत भर्नाको लागि सुचना गरिनेछ ।*

२. **भर्ना विधि**

विद्यार्थी भर्ना तालिका ३ अनुसार काउन्सेलिङ विधिबाट गरिनेछ। तोकिएको काउन्सेलिङमा उपस्थित हुन नसकेमा त्यसपछिको (सोही दिन/अन्य तोकिएको दिन) काउन्सेलिङमा उपस्थित भई रिक्त रहेका कोटाहरुको लागि भर्ना हुन सक्नेछन् । भर्ना कार्यक्रम स्नातकोत्तर भवन, कीर्तिपुरमा संचालन हुनेछ।

**तालिका ३. कृषि/वागवानी र पशुचिकित्सा विषयको भर्नासम्बन्धी काउन्सेलिङ र भर्ना समय तालिका**

| २०८२ कार्तिक १२ गते | काउन्सेलिङको लाग आइपुग्नुपर्ने समय | काउन्सेलिङ समय | उपस्थित हुनुपर्ने मेरिट क्रम |
|---|---|---|---|
| पहिलो | विहान १०:०० बजेभित्र | १०:१५-१०: ३० | मेरिट नं. ००१ देखि १०० |
| दोश्रो | विहान ११:४५ बजेभित्र | १२:००-१२: १५ | मेरिट नं. १०१ देखि २०० |
| तेस्रो | दिउसो १:३० बजेभित्र | १:४५-२: ०० | मेरिट नं. २०१ देखि ३०० |
| चौथो | दिउसो २:३० बजेभित्र | २:४५-३:०० | मेरिट नं. ३०१ देखि ४०० |
| मिति २०८२ कार्तिक १२ गतेको काउन्सेलिङमा तालिका नं. १ मा तोकिएको सिट संख्या पुरा नभएमा मिति २०८२ कार्तिक १६ गते पुन : काउन्सेलिङ्ग हुनेछ। | | | |

३. **भर्ना शुल्क सम्बन्धमा**

भर्ना शुल्क काउन्सेलिङको दिनमा नेपाल बैंक लि. कीर्तिपुरमा यस अध्ययन स.स्थानको कृ.प.वि.अ.सं.डीनको कार्यालय नाममा रहेको खाता नं. ०४५००१००१०४०१९००००३ (IAAS Dean Office, A/C No. 04500100104019000003) मा तोकिएको रकम जम्मा गरी सोको सक्कल भाउचर बुझाउँनुपर्नेछ । भर्ना शुल्क अनलाइनबाट ट्रान्सफरको सूविधा उपलब्ध हुनेछैन । शुल्कसम्बन्धी विस्तृत विवरण पछि प्रकाशन गरिनेछ।

४. **स्टाफ कोटामा भर्ना सम्बन्धमा :** स्टाफ कोटामा भर्नाको लागि मिति २०८२।७।१६ गतेदेखि २०८२।०७।२१ गतेसम्म अध्ययन संस्थानले तोकेको कागजातहरु र फाराम भरी कार्यालय समयभित्र डीनको कार्यालयमा बुझाउँनुपर्नेछ। भर्ना तालिका मिति २०८२।७।२२ गतेपछि प्रकाशित गरिनेछ।

५. **भर्नाको समयमा पेश गर्नुपर्ने सक्कल कागजातहरु :**

क) रकम जम्मा गरेको बैंक भाउचर।

ख) नेपाली नागरिकताको प्रमाणपत्र।

ग) १०+२ वा प्रमाणपत्र तहको लब्धाङ्क पत्र र प्रमाणपत्र (चारित्रिक वा मूल प्रमाणपत्र)। १०+२ को Aggregate Transcript नभइ कक्षा १२ को Transcript मात्र भएको खण्डमा कक्षा १२ को Transcript लाई नै आधार मानिनेछ। कक्षा १२ को Transcript मात्र हुनेको हकमा कक्षा ११ को मार्कसिट तथा १०+२ को लब्धाङ्क पत्र सहित तोकिएका कागजात पेश गर्नुपर्नेछ।

प.सं./च.नं.

घ) १०+२ वा सो सरहको स्थानान्तरण प्रमाणपत्र (Migration) वा TU. Registration Card । स्थानान्तरण प्रमाणपत्र त्रि.वि.वा अन्य शैक्षिक संस्थामा बुझाई सकेको भए स्थानान्तरण प्रमाणपत्र बुझि लिएको सक्कल पत्र वा भर्ना भएको रसिद तोकिएको समयमा बुझाउनु पर्नेछ।

ङ) OJT गरिरहेका वा पूरा गरिसकेका आवेदकहरुले तोकिएको मितिमा भर्ना हुन आउँदा न्यूनतम ग्रेड (२.४ वा C+) प्राप्त गरेको ट्रान्सक्रृष्ट सहित सम्पूर्ण कागजात (लब्धाङ्क पत्र र प्रमाणपत्रहरु समेत) पेश गर्नुपर्नेछ।

च) नेपाल वाहेकका शैक्षिक संस्थाबाट प्रमाणपत्र तह उत्तीर्ण गरेका आवेदकहरुले भर्नाको समयमा समकक्षता (Equivalence) को प्रमाणपत्र अनिवार्य पेश गर्नु पर्नेछ।

छ) आरक्षित कोटामा भर्ना हुन मुल सूचना अनुसारको निकायबाट जारी भएका आइडी कार्ड वा आवेदन फाराम भर्दा संलग्न गरेका सिफारिस पत्र।

***द्रष्टव्यः*** *विद्यार्थी स्वयं आफु आउन नसक्ने अवस्थामा नागरिकताबाट नाता खुलेको व्यक्तिले प्रमाण पेश गरी भर्ना गर्न सकिनेछ*

६. **रिक्त कोटामा भर्ना सम्बन्धमा :** नियमित भर्ना प्रक्रियाका अन्तिम दिनसम्ममा कुने कारणवस कोटाहरु रिक्त हुन आएमा स्वत : IDF कोटामा समावेश गरिनेछन्। उक्त कोटामा भर्ना गर्नका लागि २ दिनको समय दिई आवेदन माग गरिनेछ। मेरिट क्रमको आवधारमा आवेदकहरुमध्येवाट क्याम्पस चयनको अवसर दिइनेछ। भर्ना हुनका लागि सम्बन्धित क्याम्पसको IDF कोटामा भर्ना भएको अन्तिम मेरिट क्रमाङ्कभन्दा पछाडीको भर्ना नभएका विद्यार्थीहरुले मेरिट क्रम अनुसार अवसर पउनेछन्।

७. **सम्बन्धन प्राप्त क्याम्पस/कार्यक्रम कोटा :** मेरिट खुला, मेरिट आरक्षण र अध्ययन संस्थान विकास शुल्क कोटाको भर्ना सकिएपछि त्रि.वि.वाट सम्बन्धन प्राप्त क्याम्पसहरुमा स्वीकृत कोटामा डीन कार्यालयले तोकेको प्रतिनिधिको रहोवरमा मेरिट सूचीको आधारमा प्रक्रिया संचालन हुनेछ। सूचना सम्बन्धित क्याम्पसबाट प्रकाशित हुनेछ। शिक्षा मन्त्रालय, नेपाल सरकाले तोकेको १०% छात्रवृत्ति कोटा निर्धारित कोटात्रि समावेश हुने। भर्ना प्रक्रियामा सूचनाहरु र भर्ना गरिएका विद्यार्थीहरुको नामावली अनिवार्य रुपमा एक महिनाभित्र शैक्षिक प्रशासन, डीनको कार्यालयमा उपलब्ध गराउनुपर्नेछ।

८. भर्नासम्बन्धी थप जानकारीको लागि टेलिफोन नं. ०१४३३०५०० ext. १०८ मा सम्पर्क गर्न सकिनेछ।

डा.पुष्पराज पौडेल
सहायक डीन एवं संयोजक
भर्ना समिति